# लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र (Fact Sheet)

## आ.व. २०८१।०८२ को श्रावण देखि आषाढ मसान्त सम्म


नेपाल प्रहरी प्रधान कार्यालय,

अपराध अनुसन्धान विभाग,

महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय

नक्साल, काठमाण्डौ ।


# महिला बालबालिकाा तथा जेष्ठ नागरिक सेवा केन्द्र, महिला सहायता कक्ष र दलित समन्वय डेस्क सम्बन्धी विवरण

सेवा केन्द्र संख्या - २३
(२ भवन भएको)
महिला सहायता कक्ष
संख्या - १३०
दलित समन्वय डेस्क
संख्या - १८

सेवा केन्द्र संख्या - ३२
(६ भवन भएको)
महिला सहायता कक्ष
संख्या - ९९
दलित समन्वय डेस्क
संख्या - ३४

सेवा केन्द्र संख्या - २५
(४ भवन भएको)
महिला सहायता कक्ष
संख्या - ३०
दलित समन्वय डेस्क
संख्या - २४

सेवा केन्द्र संख्या - २३
(३ भवन भएको)
महिला सहायता कक्ष
संख्या - २६
दलित समन्वय डेस्क
संख्या - २४ (१ निर्देशनालय सहित )




सेवा केन्द्र संख्या - ४७
(११ भवन भएको)
महिला सहायता कक्ष
संख्या - ३८
दलित समन्वय डेस्क
संख्या - ४७

सेवा केन्द्र संख्या - २५
(९ भवन भएको)
महिला सहायता कक्ष
संख्या - ८७
दलित समन्वय डेस्क
संख्या - २५

सेवा केन्द्र संख्या - ४१
(१६ भवन भएको)
महिला सहायता कक्ष
संख्या - १८
दलित समन्वय डेस्क
संख्या - ४२

सेवा केन्द्र संख्या - ४४
(९ भवन भएको)
महिला सहायता कक्ष
संख्या - ९१
दलित समन्वय डेस्क
संख्या - ४०

# वार्षिक अपराध तथ्याङ्कमा लैङ्गिक हिंसा

## लैङ्गिक हिंसा अन्तर्गत विश्लेषण गरिएका मुद्दा शिर्षकहरु

### यौनजन्य अपराध
- जबरजस्ती करणी उद्योग
- जबरजस्ती करणी
- अप्राकृतिक मैथुन
- बालयौन दुरूपयोग
- अपहरण शरिर बन्धक गरी ज.ज.क
- मानवबेचबिखन गरी ज.ज.क
- अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार)

### संगठित अपराध
- मानव बेचबिखन तथा ओसारपसार

### जघन्य अपराध
- ज.ज.क.गरी कर्तव्य ज्यान
- दाइजोको कारण भएको कर्तव्यज्यान
- घरेलु हिंसाको कारण भएको कर्तव्यज्यान


### सामाजिक/आर्थिक अपराध
- बोक्सीको आरोप
- घरेलु हिंसा उजुरी
- बालबालिका विरुद्धको कसुर
- अभद्र व्यवहार (जेष्ठ नागरकि विरुद्धको दुर्व्यवहार)
- जातीय छुवाछुत

### बिबाह सम्बन्धि कसुर
- बहुबिबाह
- बालबिबाह
- बिबाह सम्बन्धि कसुर (बिबाहमा लेनदेन गर्न नहुने दाईजो)

### गर्भ संरक्षण विरुद्धको कसुर/प्रजनन हक विरुद्धको कसुर
- अवैध गर्भपतन
- कुटपिट गरी गर्भ तुहाएको





### पीडित



| बालक | बालिका | महिला | पुरुष |
|---|---|---|---|
| ०.३% | १०.४% | ७९.८% | ९.५% |

### पिडक



| बालक | बालिका | महिला | पुरुष |
|---|---|---|---|
| १.७% | ०.२% | २०.२% | ७७.८% |

# लैङ्गिक हिंसा घटनाको सारांश विवरण

## आ.व. २०८१।०८२ को प्रदेशगत मुद्दा दर्ता संख्या

| सि.नं | घटनाको प्रकार | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश (उपत्यका बाहेक) | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश | उपत्यका | जम्मा मुद्दा दर्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | ४९३ | २८९ | २५३ | १६५ | ३५५ | १७४ | १८५ | ३३९ | २२५३ |
| २ | जबरजस्ती करणी उद्योग | ९१ | ८१ | ५० | २० | ६४ | ३९ | ६६ | ४८ | ४५९ |
| ३ | अप्राकृतिक मैथुन | ४ | २ | १ | ३ | ५ | २ | १ | ३ | २१ |
| ४ | बालयौन दुरुपयोग/ दुर्व्यहार | १०२ | ४१ | ४३ | ३० | ५१ | १९ | १९ | ५० | ३५५ |
| ५ | अपहरण शरिर बन्धक गरी ज.ज.क | ८ | २६ | १ | २ | १२ | ० | २ | २ | ५३ |
| ६ | मानव बेचबिखन गरी ज.ज.क | २ | ३ | ० | १ | २ | ० | ६ | ० | १४ |
| ७ | अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार) | १४ | १ | ० | २ | ४ | १ | ० | १ | २३ |
| ८ | मानव बेचबिखन तथा ओसारपासार | १० | १७ | ७ | १३ | २५ | १ | २४ | ५४ (ब्यूरो सहित) | १५१ |
| ९ | जबरजस्ती करणी गरी कर्तव्य ज्यान | १ | ० | १ | ० | ० | ० | १ | १ | ४ |
| १० | दाईजोको कारण कर्तव्यज्यान | ० | २ | ० | ० | ० | ० | ० | ० | २ |
| ११ | घरेलु हिंसाको कारण कर्तव्य ज्यान | १६ | ४ | २ | १ | ४ | २ | ७ | २ | ३८ |
| १२ | अवैध गर्भपतन | १ | ० | २ | ० | ० | ० | २ | १ | ६ |
| १३ | कुटपिट गरी गर्भ तुहाएको | १ | १२ | ० | ० | १ | ० | ० | ० | १४ |
| १४ | बहुविवाह | ११६ | ९४ | ३९ | ३२ | १०० | ४८ | ७६ | ६३ | ५६८ |
| १५ | बालविवाह | ८ | २१ | ३ | ३ | १६ | २ | ७ | १ | ६१ |
| १६ | दाईजो | ० | १० | ० | ० | ० | ० | ० | ० | १० |
| १७ | बोक्सीको आरोप | २ | २१ | १ | १ | ० | ० | ३ | १ | २९ |
| १८ | जातीय छुवाछुत | ३ | ४ | ५ | २ | ३ | ५ | ६ | १ | २९ |
| १९ | जेष्ठ नागरिक विरुद्ध दुर्व्यवहार | ७ | ० | ३ | १९ | ६ | ० | १ | ५ | ४१ |
| २० | बालबालिका विरुद्द कसूर | ५ | ८ | ५ | १४ | ० | १ | ० | ७ | ४० |
| २१ | घरेलु हिंसा | १३५६ | ६९४६ | १३८० | ८५१ | २८७६ | ९९६ | ११९६ | १८९५ | १७४९६ |
| | जम्मा | २२४० | ७५८२ | १७०९६ | ११५९ | ३५२४ | १२९० | १६०२ | २४७४ | २१६६७ |


*नोट:- माथि उल्लेखित घरेलु हिंसाको तथ्याङ्कमा मुद्दा दर्ता संख्या र उजुरी संख्या दुवै रहेको छ।*

# यौनजन्य हिंसा

(जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन, अपहरण शरिर बन्धक गरी ज.ज.क, मानवबेचविखन गरी ज.ज.क, अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार))

## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: ३,१७८





कोशी प्रदेश
सबैभन्दा बढी

गण्डकी प्रदेश
सबैभन्दा कम

## नाता सम्बन्धको आधारमा अभियुक्तको विश्लेषण

जम्मा मुद्दा दर्ता संख्या: ३,१७८





नाता नखुलेको: १

# यौनजन्य हिंसा

(जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन, अपहरण शरिर बन्धक गरी ज.ज.क, मानवबेचबिखन गरी ज.ज.क, अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार))

## महिनागत मुद्दा दर्ता संख्या




## मुद्दा दर्ता महिना अनुसार


श्रावण महिना **सबैभन्दा बढी**

पुष महिना **सबैभन्दा कम**

## उमेरगत तथ्याङ्क


### पीडित

जम्मा पीडित संख्या: ३,२१२




### पीडक

जम्मा पीडक संख्या: ३,५१२




**६९० जना**
११-१४ वर्षका बालिका

**बालिका सबैभन्दा बढी पीडित***

**१,१५४ जना**
१९-२५ वर्षका पुरुष

**सबैभन्दा बढी अपराधमा संलग्न**

* यौनजन्य हिंसा पीडितको तथ्याङ्कमा ११ देखि १४ वर्ष उमेर समूहको धेरै देखिएता पनि विश्लेषणात्मक रुपमा अध्ययन गर्दा १५ देखि १६ वर्ष उमेर समूहको पीडितको संख्या बढी भएको देखिन्छ ।

# यौनजन्य हिंसा

(जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन, अपहरण शरिर बन्धक गरी ज.ज.क, मानवबेचबिखन गरी ज.ज.क, अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार))

## शैक्षिक योग्यताको आधारमा

### पीडित

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | ९२ |
| साक्षर | १७१७ |
| विद्यालय स्तर | ११९० |
| प्रमाणपत्र तह | २६१ |
| स्नातक वा सो भन्दा माथी | २७ |

नखुलेको: ५

### पीडक

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | ८७ |
| साक्षर | २३७२ |
| विद्यालय स्तर | ६०६ |
| प्रमाणपत्र तह | ३१० |
| स्नातक वा सो भन्दा माथी | ८२ |

नखुलेको: ५५

साक्षर भन्नाले साधारण लेखपढ देखि ५ कक्षा सम्मको शैक्षिक योग्यता जनाउँछ भने विद्यालय स्तरले कक्षा ६ देखि एसइई सम्मको शैक्षिक स्तरलाई जनाउँछ ।

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ६७८ | कृषि | १७०९ |
| ४४ | नोकरी | १८७ |
| ३३ | व्यापार | १७८ |
| ७३ | मजदुर | ७७५ |
| १८११ | अध्ययन | ४६६ |
| २ | चालक/सहचालक | १०६ |
| १२ | बैदेशिक रोजगार | ३४ |
| ५५१ | गृहिणी | १९ |

पीडितको पेशा नखुलेको: ८

पीडकको पेशा नखुलेको: ३८

## घटनास्थलको आधारमा

| घटनास्थल | संख्या |
|---|---|
| आवासीय/घरेलु स्थान | २२५७ |
| सार्वजनिक स्थान | ५२८ |
| एकान्त वनजंगल/झाडी | २५६ |
| होटल तथा गेष्ट हाउस | ११९ |
| संस्थागत/पेशागत स्थान | २२ |
| अन्य स्थान (क्याफे/पसल/दुध डेरी/ग्यारेज) | १५ |
| सवारी साधन | ९ |
| भर्चुअल/अनलाईन माध्यम | ३ |
| धार्मिक स्थान | १ |

नखुलेको: २

## हिंसाको तरिकाको आधारमा पीडित संख्या

| तरिका | संख्या |
|---|---|
| डरधाक | १,९१६ |
| ललाई फकाई | ९६२ |
| प्रलोभन | ३०१ |
| अन्य | ३० |

[मा.प.से. गराई - १७
नशालु पदार्थ/औषधी सेवन गराई - ९
झारफुकको नाममा - ४]

नखुलेको: ३

# यौनजन्य हिंसाको विश्लेषणात्मक सारांश

(जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन, अपहरण शरिर बन्धक गरी ज.ज.क, मानवबेचविखन गरी ज.ज.क, अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार))

यौनजन्य हिंसाको जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः काठमाण्डौ, झापा र मोरङ जिल्लाहरुमा भएको देखिन्छ र सबै भन्दा कम क्रमशः मुस्ताङ, मनाङ र डोल्पा जिल्लाहरुमा भएको छ । कुल यौनजन्य अपराधको आधारमा विश्लेषण गर्दा काठमाण्डौ जिल्लामा १०% घटना भएको देखिन्छ । देश भरिको यौनजन्य हिंसाको तथ्याङ्कको विश्लेषण गर्दा प्रतिदिन औषत ९ ओटा र प्रतिलाख नेपालको कुल जनसंख्याको आधारमा विश्लेषण गर्दा ११ घटना भएको देखिन्छ ।

यौनजन्य हिंसाको प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी कोशी प्रदेशमा कुल मध्ये २२.४७%, दैनिक औषत २ ओटा, प्रतिलाख नेपालको कुल जनसंख्याको आधारमा विश्लेषण गर्दा २ ओटा र प्रतिलाख प्रदेशगत जनसंख्याको आधारमा विश्लेषण गर्दा १४ ओटा घटना दर्ता भएको देखिन्छ ।

त्यसै गरी सबै भन्दा कम गण्डकी प्रदेशमा कुल मध्ये ७.०२%, प्रतिदिन औषत १ ओटा, प्रतिलाख नेपालको कुल जनसंख्याको आधारमा विश्लेषण गर्दा १ ओटा र प्रतिलाख प्रदेशगत जनसंख्याको आधारमा विश्लेषण गर्दा ४ ओटा घटना दर्ता भएको देखिन्छ ।

यौनजन्य अपराध मुद्दा दर्ताको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी श्रावण महिनामा र सबै भन्दा कम पुष महिनामा भएको देखिन्छ ।

यौनजन्य हिंसाको घटनास्थलको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः बन्द स्थान (घरकोठा/गोठ) भित्र ७१.२९%, सार्वजनिक स्थल (खुल्ला स्थान) २४.६५% र होटल तथा गेष्ट हाउसमा ३.७०% घटनाहरुको भएको देखिन्छ । यौनजन्य हिंसाको अपराधिक कार्यविधिको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः ६२.१४ % डरधाक धम्की देखाई, २९.९५ % ललाई फकाई र ९.३७ % प्रलोभनमा पारी भएको देखिन्छ ।


नेपाल प्रहरीमा दर्ता भएका यौन जन्य अपराधको विश्लेषण गर्दा सबै भन्दा बढी क्रमसः बालबालिका ( ०-१८ वर्ष) ६४ %, महिला (१९-५९ वर्ष) ३५ % र जेष्ठ नागरिक महिला (६० वर्ष देखि माथि) १ % पीडित भएको देखिन्छ । कुल पीडितमध्यबाट पनि बालबालिकाको संख्यालाई आधार मात्र आधार मानि विश्लेषण गर्दा ६३.३३ % बालबालिका हरु ११-१६ वर्ष उमेर समुहको पिडित भएको देखिन्छ । नेपालको कुल बालबालिकाको संख्यालाई आधार मानि प्रतिलाखमा विश्लेषण गर्दा प्रत्येक एकलाख बालबालिकामा २० जना पीडित भएको देखिन्छ ।

यौनजन्य हिंसा पीडितहरुलाई नेपालको कुल जनसंख्याको आधारमा प्रतिलाखमा विश्लेषण गर्दा प्रत्येक एक लाख जनसंख्यामा ११ जना व्यक्तिहरु यौनजन्य हिंसाबाट पीडित भएको देखिन्छ । यौनजन्य हिंसा पीडितहरुको शैक्षिक योग्यताको आधारमा विश्लेषण गर्दा ५३.४५ % साधारण लेखपढ, ३४.५५ % बिद्यालयस्तर र ८.१२ % प्रमाणपत्र तह शैक्षिक योग्यता भएको व्यक्तिहरु पीडत भएको देखिन्छ ।

यौनजन्य हिंसाको अभियुक्तको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः ८८.०६ % पुरुष र ११ % बालक अभियुक्तहरु भएको देखिन्छ । यौनजन्य हिंसा अभियुक्तको शैक्षिक योग्यताको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी ६७.५३ % साधारण लेखपढ, १२.८९ % बिद्यालयस्तर र ८.८२ % प्रमाणपत्र तह शैक्षिक योग्यता भएको व्यक्तिहरु अपराधमा संलग्न भएको देखिन्छ ।

# जबरजस्ती करणी गरी कर्तव्य ज्यान

## जम्मा मुद्दा दर्ता संख्या: ४




### पीडित

४ जना

| १० वर्ष मुनि | ११-१४ वर्ष | १९-२५ वर्ष |
|---|---|---|
| १ जना | २ जना | १ जना |

### पीडक

७ जना

| १९-२५ वर्ष | २६-३५ वर्ष | ४६-५९ वर्ष |
|---|---|---|
| ३ जना | ३ जना | १ जना |

### पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ० | कृषि | ३ |
| ४ | अध्ययन | ० |
| ० | मजदुर | ४ |

### शैक्षिक योग्यताको आधारमा

**पीडित**

| | |
|---|---|
| साक्षर | २ |
| विद्यालय स्तर | २ |

**पीडक**

| | |
|---|---|
| साक्षर | ६ |
| विद्यालय स्तर | १ |

# जबरजस्ती करणी गरी कर्तव्य ज्यानको विश्लेषणात्मक सारांश

जबरजस्ती करणी गरी कर्तव्य ज्यानको तथ्याङ्क विश्लेषण गर्दा कुल ४ वटा घटना भएको देखिन्छ । जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा काठमाण्डौ, सिन्धुपाल्चोक, डडेलधुरा, र मोरङ जिल्लामा १-१ वटा घटना भएको देखिन्छ ।

पीडितहरुको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा १० बर्ष मुनिको बालिका १ जना (२५%), ११-१४ बर्षको बालिका २ जना (५०%) र १९-२५ बर्षको महिला १ जना (२५%) रहेका छन् ।

पीडितहरुको शैक्षिक योग्यता र पेशासम्बन्धी तथ्याङ्क विश्लेषण गर्दा सबैजना विद्यार्थी रहेको छन् । तीमध्ये २ जना (५०%) साक्षर छन् भने २ जनाले (५०%) विद्यालय तहको शिक्षा हासिल गरेका छन्।


पीडकहरुको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा ७ जना पुरुषहरु पीडक रहेको देखिन्छ जसमध्ये १९-२५ बर्षको पुरुष ३ जना (४२.८६%), २६-३५ बर्षको पुरुष ३ जना (४२.८६%) र ४६-५९ बर्षको पुरुष १ जना (१४.२८%) रहेका छन् ।

पीडकहरुको शैक्षिक योग्यता तथ्याङ्क विश्लेषण गर्दा ६ जना (८५.७१%) साक्षर रहेका छन् भने १ जना (१४.२९%) ले विद्यालय तहको शिक्षा हासिल गरेका छन् । त्यसैगरी पीडकको पेशागत तथ्याङ्क अनुसार ३ जना (४२.८६%) कृषि पेशामा रहेका छन् भने ४ जना (५७.१४%) मजदुरी पेशामा कार्यरत छन् ।


# बहुविवाह


## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: ५६८






### उमेरगत तथ्याङ्क




### शैक्षिक योग्यताको आधारमा



# बहुविवाह

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| १९४ | कृषि | ५७३ |
| ११ | नोकरी | २९ |
| २ | व्यापार | ३७ |
| २१ | मजदुरी | १९८ |
| ५ | अध्ययन | ८ |
| ३१६ | गृहिणी | २१५ |
| २ | चालक/सहचालक | १८ |
| ११ | बैदेशिक रोजगार | ५२ |

पीडकको पेशा नखुलेको: ५

# बहुविवाहको विश्लेषणात्मक सारांश

बहुबिबाह सम्बन्धि प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा कोशी प्रदेश २०.४२%, लुम्बिनी १७.६१%, मधेश १६.५५%, सुदूरपश्चिम १३.३८%, उपत्यका ११.०९%, कर्णाली ८.४५%, बागमती ६.८७%, र गण्डकी ५.६३% रहेको छ । जसमा यस तथ्याङ्कले सबैभन्दा बढी कोशी प्रदेशमा २०.४२% र सबैभन्दा कम गण्डकी प्रदेश ५.६२% मा बहुबिबाह भएको देखिन्छ ।

बहुबिबाह सम्बन्धि जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी काठमाण्डौं जिल्लामा (४४ ओटा) ७.७४% मुद्दा दर्ता भएको देखिन्छ भने ओखलढुङ्गा, मुस्ताङ, हुम्ला र डोल्पामा बहुबिबाहको मुद्दा दर्ता नभएको देखिन्छ ।

बहुबिबाह पीडितको उमेरको आधारमा तथ्याङ्क विश्लेषण गर्दा जम्मा १०० % महिला मध्ये बालिका ०.१८ %, महिला ९९.११ %, जेष्ठ नागरिक महिला ०.५३ % र उमेर नखुलेका ०.१८ % रहेका छन् । पीडितको उमेर समूह १७ देखि १८ वर्षको बालिका ०.१८ %, १९ देखि २५ वर्षसम्मको महिला १९.२२ %, २६ देखि ३५ वर्षसम्मका महिला ५२.१४%, ३६ देखि ४५ वर्षसम्मका महिला २०.४६%, ४६ देखि ५९ वर्षसम्मका महिला ७.३०%, ६० देखि माथि ०.५३% र नखुलेको ०.१८% महिलाहरु पीडित छन् । जसमध्ये सबै भन्दा बढी २६ देखि ३५ वर्षका महिलाहरु ५२.१४% बढी पीडित भएको देखिन्छ ।

शैक्षिक योग्यताका आधारमा बहुबिबाहको पीडितको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश: निरक्षर १.२५%, साक्षर ७६.८७%, बिद्यालयस्तर १४.९५%, प्रमाणपत्र ६.०५%, स्नातक ०.७१%, र अन्य नखुलेको ०.१८% रहेका छन् । जसमा अधिकांश साक्षर व्यक्तिहरु ७६.८७% पीडित भएको देखिन्छ ।


पेशाको आधारमा बहुबिबाह पीडितको तथ्याङ्क विश्लेषण गर्दा कृषि ३५%, नोकरी २%, मजदुर ४%, गृहिणी ५६ %, अध्ययन १% र वैदेशिक रोजगार २% र रहेका छन् । जसमा तथ्याङ्कले अधिंकाश गृहिणीहरु ५६% पीडित रहेको देखिन्छ ।

बहुबिबाह पीडकको उमेरको आधारमा तथ्याङ्क विश्लेषण गर्दा १५ देखि १६ वर्षसम्मको ०.२६%, १७ देखि १८ वर्षसम्मको ०.८८%, १९ देखि २५ वर्षसम्मको २३.३५%, २६ देखि ३५ वर्षसम्मको ४७.७५%, ३६ देखि ४५ वर्ष सम्मको २१.५०%, ४६ देखि ५९ वर्षसम्मको ५.२९%, ६० देखि माथि ०.७०%, र नखुलेको ०.२६% पीडकहरु देखिन्छ । जसमा अधिकांश २६ देखि ३५ वर्षसम्मका ४७.७५% व्यक्तिहरु पीडकहरु रहेका छन् ।

# बालविवाह

## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: ६१





**४४ जिल्लाहरुमा**
एउटा पनि मुद्दाहरु दर्ता नभएको

## उमेरगत तथ्याङ्क


### पीडित

जम्मा पीडित संख्या: ३७





### पीडक

जम्मा पीडक संख्या: १६४





## शैक्षिक योग्यताको आधारमा

### पीडित




### पीडक




# बालविवाह

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ८ | कृषि | ९७ |
| ० | नोकरी | ८ |
| ० | व्यापार | २ |
| ० | मजदुरी | ११ |
| २२ | अध्ययन | २३ |
| ७ | गृहिणी | १६ |
| ० | बैदेशिक रोजगार | ३ |

पीडकको पेशा नखुलेको: ४

## जाहेरवालाको तथ्याङ्क




## बालविवाहमा संलग्न अभियुक्तहरु

- ७५ विवाह गर्ने व्यक्ति स्वयम
- ५४ पारिवारिक सदस्य
- १८ छिमेकी
- ८ चिनेजानेको व्यक्ति
- ५ साथी
- ४ विवाह गराउने पुरोहित

# बालविवाहको विश्लेषणात्मक सारांश

बालबिबाह सम्बन्धि तथ्याङ्क अनुसार देशभर कुल ६१ वटा मुद्दा दर्ता भएको देखिन्छ । प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा मधेश प्रदेशमा सबैभन्दा बढी ३४.४३ %, लुम्बिनी प्रदेशमा २६.२३ %, कोशी प्रदेशमा १३.११ %, सुदूरपश्चिम प्रदेशमा ११.४८ %, बागमती प्रदेशमा ४.९२ %, गण्डकी प्रदेशमा ४.९२ %, कर्णाली प्रदेशमा ३.२८% र उपत्यकामा सबैभन्दा कम १.६४ % मुद्दा दर्ता भएको देखिन्छ ।

बालबिबाह सम्बन्धि जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा ४४ जिल्लामा कुनै पनि मुद्दा दर्ता नभएको देखिन्छ ।

जाहेरवालाको तथ्याङ्क विश्लेषण गर्दा ७०.४९ % जाहेरी पीडितको आफन्तबाट, ९.८४ % पीडित आफैले, ९.८४ % प्रहरी प्रतिवेदन, ६.५६ % संघ संस्थाबाट तथा ३.२८ % देख्ने सुन्ने बाट जाहरी दर्ता भएको देखिन्छ ।

बालबिबाह पीडितको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा ११-१४ बर्षको बालिका १८.९२ %, १५-१६ बर्षको बालिका ३२.४३ %, १७-१८ बर्षको बालिका ३२.४३ % र १९-२० बर्षको महिला १६.२२ % रहेका छन् ।

शैक्षिक योग्यताका आधारमा बालबिबाहको पीडितको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश: साक्षर ५६.७६ %, बिद्यालयस्तर २९.७३ %, प्रमाणपत्र तह १०.८१ % र स्नातक तह तथा सो भन्दा माथि २.७ % रहेका छन् ।

पेशाको आधारमा बालबिबाह पीडितको तथ्याङ्क विश्लेषण गर्दा ५९.४६ % अध्ययनमा, २१.६२ % कृषिमा र १८.९२ % गृहिणी कार्यमा संलग्न रहेको देखिन्छ ।


बालबिबाह पीडकको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा बालिका १२.८ %, बालक ३.६६ %, पुरुष २१.३४ %, र महिला ५९.१५ % रहेका छन् भने ३.०५ % को उमेर नखुलेको देखिन्छ ।

शैक्षिक योग्यताका आधारमा बालबिबाहको पीडकको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश: साक्षर ६९.५१ %, बिद्यालयस्तर १२.२ %, प्रमाणपत्र तह ७.९३ %, निरक्षर २.४४ % र स्नातक तह तथा सो भन्दा माथि ०.६१ % रहेका छन् ।

पेशाको आधारमा बालबिबाह पीडकको तथ्याङ्क विश्लेषण गर्दा ५९.१५ % कृषिमा, १४.०२ % अध्ययनमा, ९.७६ % गृहिणी कार्यमा, ६.७१ % मजदुरी, ४.८८ % नोकरी, १.८३ % बैदेशिक रोजगारमा, १.२२ % व्यापारमा संलग्न रहेको देखिन्छ भने २.४४ % को पेशा नखुलेको देखिन्छ ।

# दाईजो

## जम्मा मुद्दा दर्ता संख्याः १०




## उमेरगत तथ्याङ्क

**पीडित** — जम्मा पीडित संख्याः १०

| | १९-२५ | २६-३५ | ३६-४५ |
|---|---|---|---|
| महिला | ६ | ३ | ० |
| पुरुष | ० | ० | १ |

**पीडक** — जम्मा पीडक संख्याः ३१

| | १९-२५ | २६-३५ | ३६-४५ | ४६-५९ | ६० वर्ष माथी |
|---|---|---|---|---|---|
| महिला | १ | ० | ४ | २ | १ |
| पुरुष | ४ | ७ | ५ | ३ | ४ |

## शैक्षिक योग्यताको आधारमा

**पीडित**

| | |
|---|---|
| साक्षर | ८ |
| विद्यालय स्तर | २ |

**पीडक**

| | |
|---|---|
| निरक्षर | ९ |
| साक्षर | १७ |
| विद्यालय स्तर | ४ |
| स्नातक वा सो भन्दा माथी | १ |

## पेशाको आधारमा


| पीडित | पेशा | पीडक |
|---|---|---|
| १ | कृषि | २० |
| ९ | गृहिणी | ५ |
| ० | मजदुर | ५ |
| ० | नोकरी | १ |

## विश्लेषणात्मक सारांश

दाईजो सम्बन्धि घटनामा देशभर १० वटा मुद्दा दर्ता भएको देखिन्छ । सो मुद्दाहरु मधेश प्रदेशमा दर्ता भएको छ । पीडितको तथ्याङ्क विश्लेषण गर्दा ९ जना महिला र १ जना पुरुष रहेको छन् भने ८ जना पीडक महिला र २३ जना पीडक पुरुष रहेको छन् ।

# दाईजोको कारण कर्तव्य ज्यान

## जम्मा मुद्दा दर्ता संख्या: २




### पीडित

२ जना

| उमेर | संख्या |
|---|---|
| १९-२५ वर्ष | २ जना |

### पीडक

पुरुष: ३ जना

| १९-२५ वर्ष | २६-३५ वर्ष | ४६-५९ वर्ष |
|---|---|---|
| १ जना | १ जना | १ जना |

महिला: १ जना

| ४६-५९ वर्ष |
|---|
| १ जना |

### शैक्षिक योग्यताको आधारमा

**पीडित**

| | |
|---|---|
| निरक्षर | १ |
| साक्षर | १ |

**पीडक**

| | |
|---|---|
| निरक्षर | ३ |
| साक्षर | १ |

### पेशाको आधारमा


| पीडित | पेशा | पीडक |
|---|---|---|
| ० | कृषि | १ |
| २ | गृहिणी | ० |
| ० | मजदुर | ३ |

## विश्लेषणात्मक सारांश


दाईजोको कारण भएको कर्तव्यज्यान सम्बन्धि तथ्याङ्क धनुषा र पर्सा जिल्लामा भएको देखिन्छ । १९ वर्ष देखि २५ वर्ष उमेर समुहको २ जना महिला पीडित भएको देखिन्छ र अभियुक्तमा पुरुष बढी देखिन्छ । पीडित र अभियुक्त बीचको नाता सम्बन्ध विश्लेषण गर्दा आफ्नै श्रीमान र अन्य पारिवारिक सदस्यहरुबाट भएको देखिन्छ ।


# कुटपिट गरी गर्भ तुहाएको

जम्मा मुद्दा दर्ता संख्या: १४






## उमेरगत तथ्याङ्क




## शैक्षिक योग्यताको आधारमा



# कुटपिट गरी गर्भ तुहाएको

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| १ | कृषि | १० |
| ० | नोकरी | २ |
| १ | मजदुरी | ३ |
| १२ | गृहिणी | १९ |

## विश्लेषणात्मक सारांश

कुटपिट गरी गर्भ तुहाएको सम्बन्धि घटनामा देशभर कुल १४ वटा मुद्दा दर्ता भएको देखिन्छ जसमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी ८५.७१%, लुम्बिनी प्रदेशमा ७.१४% र कोशी प्रदेशमा ७.१४% मुद्दा दर्ता भएको देखिन्छ ।

पीडितको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा १९-२५ बर्षको महिला ३५.७१%, २६-३५ बर्षको महिला ४२.८६% र ३६-४५ बर्षको महिला २१.४३% रहेका छन् ।

शैक्षिक योग्यताका आधारमा पीडितको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः साक्षर ६४.२९%, निरक्षर २८.५७% र बिद्यालयस्तर शिक्षा ७.१४% ले प्राप्त गरेका छन् ।

पेशाको आधारमा पीडितको तथ्याङ्क विश्लेषण गर्दा ८५.७१% गृहिणी कार्यमा, ७.१४% कृषिमा र ७.१४% मजदुरी पेशामा संलग्न रहेको देखिन्छ ।


पीडकको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा महिला ५८.८२ % र पुरुष ४१.१८% रहेका छन् ।

शैक्षिक योग्यताका आधारमा पीडकको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमशः साक्षर ५२.९४%, निरक्षर ४४.१२ % र प्रमाणपत्र तहमा अध्ययनरत २.९४ % रहेका छन् ।

पेशाको आधारमा पीडकको तथ्याङ्क विश्लेषण गर्दा ५५.८८ % गृहिणी कार्यमा, २९.४१% कृषिमा, ८.८२ % मजदुरी र ५.८८ % नोकरीमा संलग्न रहेको देखिन्छ ।


# अबैध गर्भपतन

## जम्मा मुद्दा दर्ता संख्या: ६





### उमेरगत तथ्याङ्क


जम्मा पीडित संख्या: ३





जम्मा पीडक संख्या: १०




### शैक्षिक योग्यताको आधारमा



# अबैध गर्भपतन

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| १ | कृषि | ४ |
| ० | नोकरी | १ |
| ० | व्यापार | १ |
| ० | मजदुरी | २ |
| २ | अध्ययन | ० |
| ० | गृहिणी | १ |

पीडकको पेशा नखुलेको: १


## विश्लेषणात्मक सारांश


अबैध गर्भपतन सम्बन्धि घटनामा देशभर कुल ६ वटा मुद्दा दर्ता भएको देखिन्छ । जिल्लागत तथ्याङ्क विश्लेषण गर्दा कंचनपुर, कैलाली, चितवन, मकवानपुर, ओखलढुङगा र काठमाण्डौ जिल्लाहरु प्रत्येकमा १ वटा मुद्दा दर्ता भएको छ ।

पीडितको तथ्याङ्क विश्लेषण गर्दा कुल ३ जना महिला पीडित रहेको छन् भने १० जना पीडक (४० % महिला, ६० % पुरुष) रहेको छन् ।

# घरेलु हिंसा

## लैङ्गिक हिंसा अपराधमा घरेलु हिंसा




# घरेलु हिंसा

## प्रदेशगत मुद्दा दर्ता/उजुरी संख्या

जम्मा मुद्दा दर्ता/उजुरी संख्या: १७,४९६




**मधेश प्रदेश** सबैभन्दा बढी | **गण्डकी प्रदेश** सबैभन्दा कम

## उमेरगत तथ्याङ्क

### पीडित

जम्मा पीडित संख्या: १७,५०८

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १० वर्ष मुनि | २ | ० |
| ११-१६ | ४७ | ६ |
| १७-१८ | ७७ | ८ |
| १९-२५ | ४८३० | ३१३ |
| २६-३५ | ६२२३ | ७४७ |
| ३६-४५ | २५०८ | ४०१ |
| ४६-५९ | १११९ | २५० |
| ६० वर्ष माथी | ६९३ | २७९ |

नखुलेको: ५

### पीडक

जम्मा पीडक संख्या: २०,११६

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १० वर्ष मुनि | ० | ० |
| ११-१६ | ५ | ८ |
| १७-१८ | १८ | ३५ |
| १९-२५ | ८९६ | २३६३ |
| २६-३५ | १३७७ | ६२९२ |
| ३६-४५ | ८६४ | ३७४७ |
| ४६-५९ | ९४२ | २३४० |
| ६० वर्ष माथी | ३१३ | ९१० |

नखुलेको: ६

## शैक्षिक योग्यताको आधारमा

### पीडित

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | १३०७ |
| साक्षर | १२६४८ |
| विद्यालय स्तर | २४६४ |
| प्रमाणपत्र तह | ८७२ |
| स्नातक वा सो भन्दा माथी | १९३ |

नखुलेको: २४


### पीडक

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | २५०० |
| साक्षर | १४२६८ |
| विद्यालय स्तर | २३३० |
| प्रमाणपत्र तह | ८२१ |
| स्नातक वा सो भन्दा माथी | १६७ |


नखुलेको: ३०

# घरेलु हिंसा

## घरेलु हिंसाको प्रकार




## नाताको आधारमा




## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ४,९३१ | कृषि | १०,८११ |
| ३१८ | नोकरी | ७१३ |
| ४०२ | व्यापार | ८१४ |
| १,१२८ | मजदुरी | ४,१०६ |
| १०६ | अध्ययन | ६५ |
| १०,४८७ | गृहिणी | २,८७९ |
| ३८ | चालक/सहचालक | ४१७ |
| ९७ | बैदेशिक रोजगार | २९६ |

पीडितको पेशा नखुलेको: १ पीडकको पेशा नखुलेको: १५

# घरेलु हिंसाको विश्लेषणात्मक सारांश

कुल लैङ्गिक हिंसाको तथ्याङ्क विश्लेषण गर्दा जस मध्ये घरेलु हिंसा सम्बन्धि उजुरी/मुद्दा दर्ता ८१ % र लैङ्गिक हिंसा सम्बन्धि मुद्दा दर्ता १९% रहेको छ । वार्षिक तथ्याङ विश्लेषण गर्दा अपराध मुद्दा दर्ता दैनिक औषत ११ ओटा र घरेलु हिंसा सम्बन्धि औषत ४८ ओटा घटना भएको देखिन्छ । घरेलु हिंसा प्रकारको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश: मानसिक हिंसा ५१.८६ % शारिरीक हिंसा ४०.०८ % र आर्थिक हिंसा ७.९९ % का घटनाहरु भएको देखिन्छ । त्यस्तै गरी घरेलु हिंसाका १७,४९६ घटनाहरु मध्ये मादक पदार्थ सेवन गरी २,०९० र दाइजोको कारण बाट ८१ ओटा घटनाहरु भएको देखिन्छ ।

दर्ता भएका १७,४९६ घरेलु हिंसाका उजुरी/मुद्दा दर्ता मध्ये ८४.१५ % फर्छौट र १५.८४ % काम बाँकी रहेको देखिन्छ ।

घरेलु हिंसाको प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी घरेलु हिंसा सम्बन्धि घटना कुल घरेलु हिंसामा मधेश प्रदेशमा ३९.७० %, नेपालको जनसंख्याको आधारमा प्रत्येक एक लाखमा २३.८१ र दैनिक औषत १९ ओटा घटना दर्ता भएको देखिन्छ, त्यसै गरी सबै भन्दा कम गण्डकी प्रदेश मा ४.८६ %, नेपालको जनसंख्याको आधारमा प्रत्येक एक लाखमा २.९१ र दैनिक २ ओटा घटना दर्ता भएको देखिन्छ । देशै भरिको तथ्याङ्कलाई दैनिक रुपमा विश्लेषण गर्दा प्रतिदिन औषत ४८ ओटा घटना दर्ता भएको देखिन्छ ।

घरेलु हिंसा पीडितको तथ्याङ्क विश्लेषण गर्दा जम्मा ८८.५३ % महिला मध्ये, ०.७१ % बालिका र ३.९५ % जेष्ठ नागरिक महिला पीडित भएको देखिन्छ र ११.४६ % पीडित पुरुष मध्ये ०.०७ % बालक र १.५९ % जेष्ठ नागरिक पुरुष पीडित भएका छन । नेपालको कुल महिलाको जनसंख्यालाई आधार मानि विश्लेषण गर्दा प्रतिलाख १०३ जना महिलाहरु घरेलु हिंसाबाट पीडित भएको देखिन्छ । पीडितको उमेरको आधरमा विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश:२६ देखि ३५ वर्षसम्मको ३९.८१ %, १९ देखि २५ वर्षसम्मको २९.३७ % र ३६ देखि ४५ वर्षसम्म १६.६१ % उमेर समुहको पीडित भएको देखिन्छ ।


घरेलु हिंसामा पीडितको तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश:साक्षर ७२.२४ %, बिद्यालयस्तर १४.०७ % र निरक्षर ७.४६ % शैक्षिक योग्यता भएका अधिकांश व्यक्तिहरु पीडित भएको देखिन्छ ।

घरेलु हिंसामा पीडकको उमेरको आधारमा तथ्याङ्क विश्लेषण गर्दा २६ देखि ३५ वर्षसम्मको ३८.१२ %, ३६ देखि ४५ वर्ष सम्मको २२.१२ % र ४६ देखि ५९ वर्ष सम्मको १६.३१ % उमेर समुहको पीडकहरु बढी भएको देखिन्छ । घरेलु हिंसाको पीडित र अभियुक्तको नाता सम्बन्धको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी क्रमश: श्रीमान श्रीमती ६४.८२ % ससुरा बुहारी ६.९१ % र सासु बुहारी ६.३८ % नाता सम्बन्धका पीडक बढी भएको देखिन्छ ।

# घरेलु हिंसाको कारण कर्तव्यज्यान

## प्रदेशगत मुद्दा दर्ता संख्या


जम्मा मुद्दा दर्ता संख्या: ३८





**कोशी प्रदेश** सबैभन्दा बढी | **गण्डकी प्रदेश** सबैभन्दा कम

## उमेरगत तथ्याङ्क


जम्मा पीडित संख्या: ४१





जम्मा पीडक संख्या: ४४




## शैक्षिक योग्यताको आधारमा



# घरेलु हिंसाको कारण कर्तव्यज्यान

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ३१ | कृषि | ३२ |
| १ | व्यापार | ० |
| १ | मजदुरी | ४ |
| १ | अध्ययन | ३ |
| ७ | गृहिणी | ४ |
| ० | चालक/सहचालक | १ |

## विश्लेषणात्मक सारांश


घरेलु हिंसाको कारण भएको कर्तव्यज्यान सम्बन्धि तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी कोशी प्रदेशमा र सुदुरपश्चिम प्रदेशमा भएको देखिन्छ र सबै भन्दा कम कर्णाली प्रदेशमा भएको देखिन्छ ।

घरेलु हिंसाको कारण भएको कर्तव्यज्यानमा सबै भन्दा बढी महिला ७३.१७ % पीडित भएको देखिन्छ ।


घरेलु हिंसाको कारण भएको कर्तव्यज्यानमा सबै भन्दा बढी ७३.१७ % पुरुष र २९.५४ % महिला अभियुक्त भएको देखिन्छ । घरेलु हिंसाको कारण भएको कर्तव्यज्यान अपराधमा पीडित र अभियुक्त बिचको नाताको विश्लेषण गर्दा ६३.६३ % घटनाहरु आफ्नै श्रीमान र श्रीमतीबाट र ३६.३६ % घटनाहरु अन्य पारिवारिक सदस्यहरुबाट भएको देखिन्छ ।


# बोक्सीको आरोप

## जम्मा मुद्दा दर्ता संख्या: २९






## उमेरगत तथ्याङ्क




## शैक्षिक योग्यता



# बोक्सीको आरोप

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| १० | कृषि | ६७ |
| ० | नोकरी | १ |
| ० | व्यापार | ४ |
| १ | मजदुरी | ८ |
| ० | अध्ययन | २ |
| २० | गृहिणी | ३० |

पीडकको पेशा नखुलेको: १

## विश्लेषणात्मक सारांश

बोक्सीको आरोप सम्बन्धि घटनामा देशभर कुल २९ वटा मुद्दा दर्ता भएको देखिन्छ । प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी मधेश प्रदेशमा (७२.४१ %) मुद्दा दर्ता भएको छ ।


पीडित सम्बन्धि तथ्याङ्क विश्लेषण अनुसार, ९३.५५ % पीडित महिला रहेका छन् । त्यस्तै, ९६.७७ % पीडितहरुको शैक्षिक योग्यता न्यून देखिन्छ । पेशागत विवरण अनुसार, ६४.५२ % गृहिणी छन् भने ३२.२६ % कृषि कार्यमा संलग्न छन् ।

पीडकको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा महिला ३४.५१ % र पुरुष ६३.७२ % रहेका छन् । त्यस्तै, ९२.०४ % पीडिकहरुको शैक्षिक योग्यता न्यून देखिन्छ । पेशागत विवरण अनुसार ५९.२९ % कृषि र २६.५५ % गृहिणी कार्यमा संलग्न छन् ।

# जातीय छुवाछुत

## प्रदेशगत मुद्दा दर्ता संख्या


जम्मा मुद्दा दर्ता संख्या: २९




## उमेरगत तथ्याङ्क


पीडित

जम्मा पीडित संख्या: ३६





पीडक

जम्मा पीडक संख्या: ६५





## शैक्षिक योग्यताको आधारमा

पीडित




पीडक



# जातीय छुवाछुत

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| १५ | कृषि | ४१ |
| ३ | नोकरी | ७ |
| २ | व्यापार | ० |
| ६ | मजदुरी | १२ |
| ४ | अध्ययन | ० |
| ४ | गृहिणी | ५ |
| २ | चालक/सहचालक | ० |

# जातीय छुवाछुतको विश्लेषणात्मक सारांश

जातीय छुवाछुतको प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबै भन्दा बढी सुदूरपश्चिम प्रदेशमा २०.६९% मुद्दा दर्ता भएको देखिन्छ भने सबैभन्दा कम उपत्यकामा ३.४५% मुद्दा दर्ता भएको छ ।

जातीय छुवाछुत सम्बन्धि पीडितको तथ्याङ्क विश्लेषण गर्दा अधिकांश व्यक्तिहरु क्रमशः २६ देखि ३५ वर्षकासम्मका ३३%, ३६ देखि ४५ वर्षसम्मका २५%, ६० देखि माथिका जेष्ठ नागरिकहरु ११% रहेका छन् भने सबैभन्दा कम १५ देखि १६ वर्षका ३% बालबालिकाहरु पीडित भएको देखिन्छ ।

जातीय छुवाछुत सम्बन्धि पीडितको शैक्षिक योग्यताका आधारमा तथ्याङ्क विश्लेषण गर्दा अधिकांश व्यक्तिहरु क्रमशः साक्षर ६३.९%, विद्यालयस्तर १६.७%, प्रमाणपत्र १३.९%, र निरक्षर ५.६% रहेको देखिन्छ । जसमा सबैभन्दा बढी साक्षर व्यक्तिहरु पीडित रहेका छन् ।

जातीय छुवाछुतमा पीडितको पेशाका आधारमा तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्रमशः कृषिमा ४१.७%, मजदर १६.७% गृहिणी ११.१% र अध्ययन ११.१% रहेका छन् ।

जातीय छुवाछुत सम्बन्धि पीडकको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी ४६ देखि ५९ वर्षसम्मका ३६.९% र सबैभन्दा कम १७ देखि १८ वर्षका बालबालिकाहरुको संलग्नता देखिन्छ ।


पीडकको शैक्षिक योग्यताका आधारमा तथ्याङ्क विश्लेषण गर्दा अधिकांश व्यक्तिहरु क्रमशः साक्षर ५०.८%, नखुलेको २७.७%, विद्यालयस्तर १०.८%, प्रमाणपत्र ९.२% र स्नातक १.५% को संलग्नता रहेको देखिन्छ ।

जातीय छुवाछुतमा पीडकको पेशाका आधारमा तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्रमशः कृषि ६३%, मजदुर १८%, नोकरी ११% र गृहिणी ८% रहेकाछन् ।

# जेष्ठ नागरिक विरुद्ध दुर्व्यबहार

## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: ४१





## उमेरगत तथ्याङ्क

**पीडित** — जम्मा पीडित संख्या: ४१

१० जना महिला


३१ जना पुरुष

**पीडक** — जम्मा पीडक संख्या: ५२





## शैक्षिक योग्यताको आधारमा

**पीडित**




**पीडक**



# जेष्ठ नागरिक विरुद्ध दुर्व्यबहार

## पेशाको आधारमा

| पेशा | पीडित | पीडक |
|---|---|---|
| कृषि | ३९ | ४० |
| नोकरी | १ | २ |
| व्यापार | ० | २ |
| मजदुरी | ० | ५ |
| अध्ययन | ० | २ |
| गृहिणी | १ | १ |

## विश्लेषणात्मक सारांश

जेष्ठ नागरिक विरुद्दको दुर्व्यहार सम्बन्धि घटनामा देशभर कुल ४१ वटा मुद्दा दर्ता भएको छ । प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा (४६.३४ %) मुद्दा दर्ता भएको छ भने कर्णाली र मधेश प्रदेशमा कुनै मुद्दा दर्ता भएको छैन ।


पीडित सम्बन्धि तथ्याङ्क विश्लेषण अनुसार, ७५.६१ % पीडित पुरुष रहेका छन् भने २४.३९ % महिला रहेका छन् । साथै, ९५.१२ % पीडितहरुको शैक्षिक योग्यता न्यून देखिन्छ र समान प्रतिशत (९५.१२ %) कृषि कार्यमा संलग्न छन् ।

पीडकको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा महिला १३.४७ % र पुरुष ८६.५३ % रहेका छन् । त्यस्तै, ९८.०७ % पीडिकहरुको शैक्षिक योग्यता न्यून देखिन्छ । पेशागत विवरण अनुसार ७६.९२ % कृषि कार्यमा संलग्न छन् ।

# बालबालिका विरुद्ध कसूर

## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: ४०




## उमेरगत तथ्याङ्क

### पीडित

जम्मा पीडित संख्या: ५५

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १० वर्ष सम्म | ५ | ११ |
| ११-१४ | २५ | ५ |
| १५-१६ | ५ | १ |
| १७-१८ | १ | २ |

### पीडक

जम्मा पीडक संख्या: ६६

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १७-१८ | ० | २ |
| १९-२५ | ३ | १० |
| २६-३५ | ५ | १३ |
| ३६-४५ | ३ | १४ |
| ४६-५९ | २ | ११ |
| ६० वर्ष माथी | ० | ३ |

## शैक्षिक योग्यताको आधारमा

### पीडित

| | |
|---|---|
| निरक्षर | १ |
| साक्षर | ३२ |
| विद्यालय स्तर | २१ |
| स्नातक वा सो भन्दा माथी | १ |

### पीडक

| | |
|---|---|
| साक्षर | ४१ |
| विद्यालय स्तर | ९ |
| प्रमाणपत्र तह | १३ |
| स्नातक वा सो भन्दा माथी | ३ |

# बालबालिका विरुद्द कसूर

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ० | कृषि | १६ |
| ० | नोकरी | ९ |
| ० | व्यापार | ११ |
| ० | मजदुरी | १९ |
| ५४ | अध्ययन | २ |
| ० | गृहिणी | ८ |
| ० | चालक/सहचालक | १ |

पीडितको पेशा नखुलेको: १

## विश्लेषणात्मक सारांश

बालबालिका बिरुद्ध कसुर सम्बन्धि घटनामा देशभर कुल ४० वटा मुद्दा दर्ता भएको देखिन्छ । प्रदेशगत तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा (३५ %) मुद्दा दर्ता भएको छ भने लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा कुनै मुद्दा दर्ता भएको छैन ।

पीडित सम्बन्धि तथ्याङ्क विश्लेषण अनुसार, ६५.५ % पीडित बालिका रहेका छन् । बालिका मध्ये सबैभन्दा बढी पीडित (६९.४ %), ११-१४ वर्ष उमेर समूहका रहेका छन् । ९८.१८ % पीडितहरु विधार्थी रहेका छन् जसमध्ये ५८.२ % को शैक्षिक योग्यता साक्षर रहेको देखिन्छ ।


पीडकको उमेरगत तथ्याङ्क विश्लेषण गर्दा ८०.३ % पुरुष र १९.७ % महिला रहेका छन् । त्यस्तै, ६२.१२ % पीडिकहरुको शैक्षिक योग्यता साक्षर र १९.७ % को प्रमाणपत्र तह रहेको देखिन्छ । पेशागत विवरण अनुसार २८.८ % मजदुरी पेशा, २४.२ % कृषि कार्य र १७.७ % व्यापारमा संलग्न छन् ।

# मानव बेचबिखन तथा ओसारपसार

*स्रोत: मानव बेचबिखन अनुसन्धान ब्युरो*

## प्रदेशगत मुद्दा दर्ता संख्या

जम्मा मुद्दा दर्ता संख्या: १५१




**लुम्बिनी प्रदेश** सबैभन्दा बढी | **कर्णाली प्रदेश** सबैभन्दा कम

## उमेरगत तथ्याङ्क

### पीडित

जम्मा पीडित संख्या: १८४

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १० वर्ष मुनि | ० | १ |
| १०-१८ | ७९ | ० |
| १९-२५ | ५४ | ४ |
| २६-३५ | २६ | ७ |
| ३६-४५ | ७ | २ |
| ४६-५९ | २ | १ |

उमेर नखुलेको: १

### पीडक

जम्मा पीडक संख्या: ३५०

| उमेर | महिला | पुरुष |
|---|---|---|
| १०-१८ | ५ | ६ |
| १९-२५ | २५ | ५१ |
| २६-३५ | ४२ | ८९ |
| ३६-४५ | ३१ | ५९ |
| ४६-५९ | ७ | १७ |

उमेर नखुलेको: १८

## शैक्षिक योग्यताको आधारमा

### पीडित

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | ५ |
| साक्षर | १७१ |
| विद्यालय स्तर | ३ |
| प्रमाणपत्र तह | ३ |

नखुलेको: २

### पीडक

| शैक्षिक योग्यता | संख्या |
|---|---|
| निरक्षर | २ |
| साक्षर | ३०१ |
| विद्यालय स्तर | ११ |
| प्रमाणपत्र तह | १० |

नखुलेको: २६

# मानव बेचबिखन तथा ओसारपसार

*स्रोत: मानव बेचबिखन अनुसन्धान ब्युरो*

## पेशाको आधारमा

| पीडित | पेशा | पीडक |
|---|---|---|
| ४३ | कृषि | १४५ |
| ० | नोकरी | ३ |
| ० | व्यापार | ४६ |
| ३१ | मजदुरी | ६० |
| ४७ | अध्ययन | २ |
| २७ | गृहिणी | ७ |
| ० | एजेन्ट | ५१ |
| ४ | बैदेशिक रोजगार | ० |
| २७ | बेरोजगार | १७ |

पीडितको पेशा नखुलेको: ५

पीडकको पेशा नखुलेको: १९

# मानव बेचबिखन तथा ओसारपसारको विश्लेषणात्मक सारांश

*स्रोत: मानव बेचबिखन अनुसन्धान ब्युरो*

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि घटनामा देशभर कुल १५१ वटा मुद्दा दर्ता भएको देखिन्छ । सबैभन्दा बढी मुद्दा (२९.१४ %) मानव बेचबिखन अनुसन्धान ब्युरोमा दर्ता भएको देखिन्छ भने सबैभन्दा कम (०.६६ %) कर्णाली प्रदेशमा दर्ता भएको छ ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि घटनाबाट पीडितको तथ्याङ्क विश्लेषण गर्दा १० देखि १८ वर्षसम्मका बालिका ४२.९३ %, १९ देखि २५ वर्षसम्मका महिला २९.३५ %, २६ देखि ३५ वर्षसम्मका महिला १४.१३ % र पुरुष ८.१५ % पीडित भएको देखिन्छ ।

पीडितको शैक्षिक योग्यताका तथ्याङ्क विश्लेषण गर्दा अधिकांश व्यक्तिहरु ९२.९३ % साक्षर मात्र रहेका छन् ।

पीडितको पेशाका आधारमा तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्रमश: अध्ययनमा २५.५४ %, कृषिमा २३.३७ %, मजदुरी १६.८५ %, गृहिणी कार्यमा १४.६७ % रहेका छन् । साथै १४.६७ % पीडित बरोजगार रहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि पीडकको तथ्याङ्क विश्लेषण गर्दा ६३.४३ % पुरुष र ३१.४३ % महिलाहरु संलग्नता देखिन्छ ।

पीडकको शैक्षिक योग्यताका आधारमा तथ्याङ्क विश्लेषण गर्दा अधिकांश व्यक्तिहरु ८६ % साक्षर मात्र रहेका छन् ।

पीडकको पेशाका आधारमा तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी क्रमश: ४१.४३ % कृषिमा, १७.१४ % मजदुरी, १४.५७ % एजेन्ट र व्यापारमा १३.१४ % मा रहेका छन् ।

# बिगत ५ आर्थिक बर्षमा दर्ता भएको मुद्दा संख्या

| सि.नं | घटनाको प्रकार | आ.ब. ०७७-०७८ | आ.ब. ०७८-०७९ | आ.ब. ०७९-०८० | आ.ब. ०८०-०८१ | आ.ब. ०८१-०८२ | मुद्दा दर्ता प्रवृत्ति |
|---|---|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | २५३२ | २३८० (-६%) | २३८७ (+०.३%) | २५०७ (+५%) | २२५३ (-१०.१%) | |
| २ | जबरजस्ती करणी उद्योग | ७३५ | ६५५ (-११%) | ५१८ (-२०.९%) | ४६० (-११.२%) | ४५९ (-०.२%) | |
| ३ | अप्राकृतिक मैथुन | ३६ | ३१ (-१४%) | ३५ (+१२.९%) | १९ (-४५.७%) | २१ (+१०.५%) | |
| ४ | बालयौन दुरुपयोग/दुर्व्यहार | २८१ | ३१४ (+१२%) | ३४३ (+९.२%) | ३६३ (+५.८%) | ३५५ (-२.२%) | |
| ५ | अपहरण तथा जबरजस्ती करणी | ६७ | ७२ (+७%) | ५९ (-१८.१%) | ५४ (-८.५%) | ५३ (-१.९%) | |
| ६ | मानव बेचबिखन तथा जबरजस्ती करणी | १० | २३ (+१३०%) | १० (-५६.५%) | १९ (+९०%) | १४ (-२६.३१%) | |
| ७ | जबरजस्ती करणी गरी कर्तव्य ज्यान | ४ | ९ (+१२५%) | ५ (-४४.४%) | ५ (०%) | ४ (-२०%) | |
| ८ | अवैध गर्भपतन/कुटपिट गरी गर्भतुहाएको | २७ | ३७ (+३७%) | ३२ (-१३.५%) | ३१ (-३.१%) | २० (-३५.५%) | |
| ९ | बहुविवाह | ८५२ | ८०९ (-५%) | ७२३ (-१०.६%) | ६५३ (-९.७%) | ५६८ (-१३%) | |
| १० | बालविवाह | ८४ | ५२ (-३८%) | ५२ (०%) | ५२ (०%) | ६१ (+१७.३%) | |
| ११ | बोक्सीको आरोप | ६१ | ४९ (-२०%) | ४३ (-१२.२%) | २३ (-४६.५%) | २९ (+२६.१%) | |
| १२ | जातीय छुवाछुत | ३९ | १५ (-६२%) | २७ (+८०%) | २९ (+७.४%) | २९ (०%) | |
| १३ | घरेलु हिंसा | १४२३२ | १७००० (+१९%) | १६५१९ (-२.८%) | १६४१६ (-०.६%) | १७४९६ (+६.६%) | |
| | **कुल अपराध संख्या** | **१८९६०** | **२१४४६ (+१३%)** | **२०७५३ (-३.२%)** | **२०६३१ (-०.६%)** | **२१३६२ (+३.५%)** | |

*नोट:- माथि उल्लेखित घरेलु संख्याको तथ्याङ्कमा मुद्दा दर्ता संख्या र उजुरी संख्या दुवै रहेको छ। कोष्ठमा उल्लेखित प्रतिशतले त्यस आर्थिक बर्ष र अघिल्लो आर्थिक बर्षबीच मुद्दा दर्ता संख्याको भिन्नता जनाउँदछ ।*

# नेपाल प्रहरीको सम्पर्क माध्यमहरु

नेपाल प्रहरी : १००

ट्राफिक प्रहरी : १०३

बालबालिका खोजतलास समन्वय केन्द्र : १०४

मानव बेचबिखन अनुसन्धान ब्यूरो : ११७७

नेपाल प्रहरी प्रधान कार्यालय : ०१-५७१९८७८, ०१-५७१९९००, ९८५१२८५९००



"Nepal Police" Mobile App

GET IT ON Google Play

Available on the App Store

nepalpolice.gov.np /NepalPolicePHQ /NepalPoliceHQ /nepalpolice

नेपाल प्रहरी

unicef